# विनियोजन ऐन, २०७७ को दफा ११ बमोजिमको आदेश, २०७७

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला
न्त्रालय, बागमती प्रदेश

# विनियोजन ऐन, २०७७ को दफा ११ बमोजिमको आदेश, २०७७

<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>

२०७७।०९।०८

उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७७ को दफा २१ बमोजिम बैंक तथा वित्तीय संस्थासँग भएको सम्झौता अनुसार कार्य गर्न विनियोजन ऐन, २०७७ को प्रावधानबाट बाधा उत्पन्न भएकोले सो ऐनको दफा ११ को अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

१. अनुसूची-१ र २ मा महल ५ पछि "५क. वित्तीय व्यवस्था" को महल थप गर्ने,

२. अनुसूची-२ को क्रम सङ्ख्या १२ को अनुदान सङ्ख्या ६०२ (अर्थ विविध) को चालू खर्च तर्फबाट सहुलियतपूर्ण ऋण व्यवस्थापन कार्यक्रमको लागि विनियोजित रू.१,००,००,००,०००।- (एक अर्ब रुपैयाँ मात्र) घटाई सोही अनुसूचीको क्रमसङ्ख्या "११" पछि क्रमसङ्ख्या "११क", अनुदान सङ्ख्या "५०१" र शीर्षक "वित्तीय व्यवस्था" थप गरी वित्तीय व्यवस्थाको महल तर्फ रू. १,००,००,००,०००।- (एक अर्ब रुपैयाँ मात्र) रकमान्तर गरी सार्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश